नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- MOCTCA/AVI/ACC/७६७

मिति :- वि.सं. २०८३/०३/०४

ने.स. :- ११४६ तछलाथ्व,४ बिहिवार

विषयः राष्ट्रिय हवाई नीति, २०८३ को मस्यौदामा राय/परामर्श सम्बन्धमा।

श्री नीति अनुसन्धान प्रतिष्ठान

नारायणहिटी, काठमाडौं ।

प्रस्तुत विषयमा राष्ट्रिय हवाई नीति, २०८३ को मस्यौदा (पाना ४२) यसैसाथ संलग्न राखी राय/परामर्शका लागि तहाँ पठाईएको व्यहोरा यस मन्त्रालयको मिति २०८३/३/३ गतेको (मा.मन्त्रीस्तर) निर्णयानुसार अनुरोध छ।

नीति अनुसन्धान प्रतिष्ठान
दर्ता नं. ३५८।०८२।८३
मिति: २०८३।०३।०५

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Subarna Raj Bhattarai
subarnarajbhattarai@gmail.com

(सुवर्ण राज भट्टराई)

एयर ट्राफिक कन्ट्रोलर अफिसर

श्री अनुसन्धान विभाग।
कार्यार्थ।




about:blank 9/10

# राष्ट्रिय हवाई नीति, २०६३

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

हवाई यातायात नेपालको आन्तरिक तथा अन्तर्राष्ट्रिय अन्तरआबद्धताका लागि भरपर्दो, प्रभावकारी र अपरिहार्य माध्यम हो। पहुँचयोग्य र भरपर्दो हवाई यातायातले नेपालका दुर्गमलाई सुगमसँग जोड्ने मात्र नभई पर्यटन, उद्योग, कृषि, वाणिज्य तथा अर्थ व्यवस्थाको विकास र विस्तारमा अग्रपृष्ठ सम्बन्ध कायम गर्छ। अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउदै आइरहेका तुलनात्मक लाभका क्षेत्रहरूको उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नुका साथै नागरिक उड्डयन क्षेत्र स्वयंले राष्ट्रको अर्थतन्त्रमा प्रत्यक्ष र परोक्ष टेवा पुर्याउँदै आएको छ।

सात दशक लामो इतिहास बोकेको नेपालको नागरिक उड्डयन क्षेत्रमा पूर्वाधार विकास तथा आधुनिकीकरण, आन्तरिक तथा अन्तर्राष्ट्रिय वायुसेवा संचालक लगायत हवाई सेवा संचालन सँग जोडिएका सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि सँगै हवाई यातायातमा सर्वसाधारण यात्रुहरूको पहुँच निरन्तर वृद्धि भइरहेको छ। यस अवधिमा उड्डयन सुरक्षा र हवाई सुरक्षाको स्तरमा अपेक्षाकृत सुधार भएको छ।

### १.१.१ विगतका प्रयासहरु

नेपालको नागरिक उड्डयनको सुरुवात गैरसैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ बाट संस्थागत भएको पाइन्छ। तत् पश्चात नेपाल वायुसेवा निगम ऐन, २०१९ जारी भई राष्ट्रिय ध्वजावहाक नेपाल वायुसेवा निगमको स्थापना भएको थियो। नेपाल सरकारले वि.सं. २०५० सालमा राष्ट्रिय हवाई नीति, २०५० जारी गर्दै हवाई यातायातको क्षेत्रमा निजी लगानीलाई खुला गरी हवाई सेवामा उदारीकरणको सुरूवात गरेको थियो। फलस्वरूप, निजी वायुसेवालगायतका सेवा प्रदायकहरूको स्थापना र संचालनले हवाई सेवा प्रतिस्पर्धी, सर्वसुलभ एवं भरपर्दो बन्नुका साथै नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ जारी भई नागरिक उड्डयनको नियमन तथा विमानस्थल एवं एयर नेभिगेसन सेवा प्रदान गर्ने स्वायत्त संस्था नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना भएको थियो। तत्पश्चात, हवाई यातायात क्षेत्रमा देखा परेका नयाँ आयामहरूलाई समेट्दै नेपाल सरकारबाट हवाई नीति, २०६३ जारी भएको थियो। यस नीतिले उदार आकाशलाई निरन्तरता दिदै खुला आकाश नीतितर्फ उन्मुख हुन मार्गदर्शन गरेको थियो।

### १.१.२ वर्तमान स्थिति

नेपाल सरकारले विगतदेखि नै निजी क्षेत्रलाई समेत नागरिक उड्डयन क्षेत्रमा समेट्दै हवाई पुर्वाधारको विकास, नितीगत सहजीकरण, नियमनलगायतका क्षेत्रमा आफूलाई केन्द्रित गर्दै आएको छ। नेपाल वायुसेवा निगमसहित निजी क्षेत्रका वायुसेवा र सेवाप्रदायकहरुको लगानिमा बढोत्तरी

भई अन्तर्राष्ट्रिय तथा आन्तरिक वायुसेवाहरु थपिएका छन्। यसैगरी विमानस्थलहरुको निर्माण, स्तरोन्नति तथा सम्बद्ध पुर्वाधारहरुको लगायतमा समेत प्रशस्त लगानि भएको छ। यसबाट हवाई यात्रुहरु लाभान्वित हुनुका साथै हवाई यातायातको उपलब्धता समेत सहज हुँदै गएको छ। हवाई सुरक्षा तथा उड्डयन सुरक्षाको आवस्था उल्लेखनिय रुपमा सुधार भई नागरिक उड्डयन सम्वद्ध अन्तर्राष्ट्रिय संस्थाहरुले गर्ने मूल्याङ्कनमा समेत क्रमिक सुधार हुँदै गइरहेको अवस्था छ। भूपरिवेष्ठित राष्ट्र नेपालले भोगिरहेको वैश्विक र क्षेत्रीय अन्तरआवद्धतासँग सम्बन्धित चुनौतीहरूको सामना गर्दै अर्थतन्त्रको रणनीतिक क्षेत्र पर्यटन उद्योगको विकास सहित समग्र अर्थतन्त्रमा अपेक्षित योगदान गर्न नागरिक उड्डयनको थप विकास र विस्तार गर्नुपर्ने अवस्था रहेको छ। नागरिक उड्डयन क्षेत्रमा विकसित नवीनतम प्रणाली र प्रविधिले सिर्जना गरेका अवसरहरूलाई आत्मसात गर्दै सुरक्षित, नियमित, मितव्ययी, र सर्वसुलभ नागरिक उड्डयन सेवाको सुनिश्चितता गर्न आवश्यक छ।

## १.२ समस्या तथा चुनौती र नीतिको आवश्यकता

### १.२.१ समस्या

यातायातको विकास, विस्तार र सम्वर्द्धन गरी राष्ट्रिय समृद्धिको प्रमुख संवाहक बनाउन बहुआयामिक समस्या र चुनौती देखिएका छन्। भूपरिवेष्ठित राष्ट्रका लागि अत्यावश्यक नागरिक उड्डयन क्षेत्रलाई अन्य मुलुकहरूसँगको अन्तरआवद्धताको प्राथमिक माध्यमका रूपमा विकास गर्न नसक्नु, क्षेत्रीय अन्तर-आवद्धताका लागि प्रादेशिक हवहरूको विकास गरी अन्तर-प्रदेश हवाई सन्जालको कमी रहनु, नागरिक उड्डयन क्षेत्रमा रोजगारीका थप अवसरहरू सिर्जना अपेक्षा अनुरूप नहुनु, विमानस्थलहरूको संचालन र उपयोग अपेक्षाकृत रूपमा हुन नसक्नु, नियामक निकायको संरचनागत सुधार हुन नसक्नु, अन्तर्राष्ट्रिय उडानमा नेपाली वायुसेवाको बजार हिस्सा न्युन रहनु नागरिक उड्डयनको क्षेत्रमा देखिएका मुख्य समस्याहरू हुन्।

### १.१.२ चुनौती

नागरिक उड्डयन क्षेत्रलाई अर्थतन्त्रको रणनीतिक क्षेत्रको रूपमा विकास गर्न थप सुरक्षित, भरपर्दो, सक्षम, दिगो एवं लगानीमैत्री बनाउनु, मुलुकका दुर्गम स्थानमा यात्रुहरूको सहज आवागमन सुनिश्चित गर्न हवाई यातायात सञ्जालको सवलीकरण र सुदृढीकरण गर्नु, नेपालका वायुसेवाहरूको अन्तर्राष्ट्रिय उडान र गन्तव्य विस्तारद्वारा पर्यटन उद्योगको विस्तार र प्रवर्द्धनमा ठोस योगदान पुर्‍याउनु, हवाई सुरक्षा र उड्डयन सुरक्षा सवलीकरण मार्फत हवाई घटना/दुर्घटना न्युनीकरण गरी यात्रु सुरक्षाको प्रत्याभूति गर्नु, विपद्मैत्री हवाई पूर्वाधारको विकास, विस्तार, स्तरोन्नति र

प्रयोग गर्दै विमानस्थल लगायतका हवाई पूर्वाधारको अधिकतम उपयोगको सुनिश्चितता गर्नु, वायुक्षेत्रको समयानुकुल पुनःसंरचना गर्दै हवाई मार्गलाई आधुनिक र प्रविधियुक्त तुल्याई नागरिक उड्डयन सेवालाई अझ बढी सुविधाजनक र सुरक्षित बनाउनु, नागरिक उड्डयन क्षेत्रको पूर्वाधार तथा सेवाहरूको विकास, विस्तार एवं उपयोगमा सार्वजनिक निजी साझेदारीको अवधारणालाई कार्यान्वयनमा ल्याउनु, नागरिक उड्डयन सम्बद्ध सेवा प्रदायकको स्वस्थ प्रतिस्पर्धात्मक क्षमता विकास र दिगोपना कायम गर्नु, नागरिक उड्डयन क्षेत्रमा मानव पुजींको विकास गर्नु, जनशक्तिको पलायन रोक्नु र रोजगारीका थप अवसरहरू सिर्जना गर्नु, नियमनकारी निकायको सुदृढीकरण, सेवा प्रदायकहरूको व्यवसायिकता र यात्रु हक अधिकारको सुनिश्चितता गरी नागरिक उड्डयन क्षेत्रको सुशासन अभिवृद्धि गर्नु, कृत्रिम बुद्धिमत्तता लगायतका नवीनतम प्रविधिहरूले सिर्जना गरेका र सम्भाव्य जोखिमहरूको सम्बोधन गर्नु मुख्य चुनौतीका रूपमा रहेका छन्।

### १.२.३ नयाँ नीतिको आवश्यकता

हवाई नीति, २०६३ जारी भए पश्चात हवाई क्षेत्रमा भएका नवीनतम परिवर्तन र उपलब्धीले सिर्जना गरेका अवसर तथा यस क्षेत्रमा देखिएका समस्या तथा चुनौतीहरूको सामना गर्नुपर्ने अपरिहार्यता तथा मुलुकले अवलम्बन गरेको संघीय शासन व्यवस्थाको सन्दर्भ समेतलाई सम्बोधन गरी हवाई यातायात क्षेत्रमा विकसित नवीनतम प्रविधि र प्रणालीहरूलाई अंगिकार गर्दै लगानीमैत्री वातावरण, विपद्मैत्री एंव गुणस्तरीय पूर्वाधार मार्फत सघन अन्तरआबद्धता कायम गर्न आवश्यक भएको छ। नागरिक उड्डयन क्षेत्रमा उदयीमान आयामहरूले सिर्जना गरेका अँवसरहरूलाई आन्तरिककरण गर्दै सुरक्षित, नियमित, मितव्ययी, र सर्वसुलभ सेवा नागरिकहरूलाई प्रत्याभूत गराउनु आवश्यक छ। नागरिक उड्डयन क्षेत्रको समावेशी र दिगो विकास मार्फत सुशासन, क्षेत्रीय सन्तुलन र तीव्र आर्थिक वृद्धि हासिल गर्दै "समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन लक्ष्य प्राप्त गर्न नागरिक उड्डयन क्षेत्र सम्बद्ध स्पष्ट नीतिगत मार्गदर्शन आवश्यक भएकोले साविकको नीतिलाई प्रतिस्थापन गर्दै नयाँ हवाई नीति तर्जुमा गरिएको हो।

## परिच्छेद २: नीति संरचना

### २.१ दूरदृष्टि (Vision)

"आन्तरिक, क्षेत्रीय र वैश्विक सघन अन्तर-आवद्ध नागरिक उड्डयन प्रणाली"

### २.२ ध्येय (Mission)

सुरक्षित, नियमित, सर्वसुलभ र दिगो हवाई यातायात सेवा

### २.३ लक्ष्य (Goal)

राष्ट्रिय अर्थतन्त्रमा नागरिक उड्डयन क्षेत्रको योगदान अभिवृद्धि गर्ने।

### २.४ उद्देश्य (Objective)

१. नागरिक उड्डयन क्षेत्रलाई समुन्नति र समृद्धिको आधार बनाउनु।

२. उड्डयन सुरक्षा तथा हवाई सुरक्षालाई सुदृढीकरण गर्नु।

३. अन्तर्राष्ट्रिय, क्षेत्रीय र आन्तरिक गन्तव्यहरूमा हवाई यातायातको सहज पहुँच स्थापित गर्नु।

### २.५ नीति (Policy)

२.५.१ नागरिक उड्डयन क्षेत्रलाई समुन्नति र समृद्धिको आधार बनाउन पर्यटन, वाणिज्य तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनमा टेवा पुग्ने गरी नेपाली वायुसेवाहरूको सञ्जाल विस्तार गरिनेछ।

२.५.२ नागरिक उड्डयन क्षेत्रका नियामक र सेवा प्रदायक संस्थाहरूको क्षमता सुदृढीकरण गरी उड्डयन सुरक्षा र हवाई सुरक्षाको स्तरलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम कायम गरिनेछ।

२.५.३ पूर्वाधारहरूको विकास र आधुनिकीकरण गरी दुर्गम र पर्यटकीय महत्त्वका क्षेत्रमा हवाई यातायात सेवाको पहुँच विस्तार गरिनेछ।

२.६ रणनीति (Strategy)

नीति २.५.१ सँग सम्बन्धितः

२.६.१ समग्र अर्थतन्त्रमा टेवा पुर्याउने गरी नागरिक उड्डयन क्षेत्रलाई प्राथमिकीकरण गर्ने,

२.६.२ नेपाली वायुसेवाहरूको विकास र विस्तार गरी दिगोपना कायम गर्ने,

२.६.३ अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा नागरिक उड्डयन कूटनीतिको उपयोग गर्ने,

नीति २.५.२ सँग सम्बन्धितः

२.६.४ नागरिक उड्डयन नियमनलाई थप सुदृढ र सबल बनाउने,

२.६.५ सेवा प्रदायक संस्थाहरूको उड्डयन सुरक्षा क्षमता अभिवृद्धि गर्ने,

२.६.६ अन्तर्राष्ट्रिय मापदण्डको पालना गरी हवाई सुरक्षालाई मजबुत बनाउने,

नीति २.५.३ सँग सम्बन्धितः

२.६.७ हवाई यातायात सेवालाई लगानीमैत्री बनाई वैश्विक र क्षेत्रीय यातायात सञ्जालमा आबद्ध गर्ने,

२.६.८ हवाई पूर्वाधारको आधुनिकीकरण र नवीनतम प्रविधिको उपयोग मार्फत हवाई यातायातको पहुँच विस्तार र यात्रु हक अधिकार सुनिश्चित गर्ने,

२.६.९ नागरिक उड्डयन क्षेत्रलाई पर्यावरणमैत्री, विपद्मैत्री र दिगो बनाउने।

२.७ कार्यनीति (Action Policy)

२.७.१ रणनीति २.६.१ सँग सम्बन्धित (समग्र अर्थतन्त्रमा टेवा पुर्याउने गरी नागरिक उड्डयन क्षेत्रलाई प्राथमिकीकरण गर्ने)

(क) नागरिक उड्डयन क्षेत्रलाई पर्यटन, वाणिज्य तथा अन्तर्राष्ट्रिय व्यापारसँग आबद्ध गर्न उद्योगको रूपमा विकास गरिनेछ।

(ख) हवाई यातायातको विकास र विस्तार गरी नेपाललाई पहुँचयोग्य र सुरक्षित पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ।

(ग) हवाई यातायातलाई उच्च मुल्य न्युन आयतन (High Value Low Volume) भएका कार्गो व्यापारको प्रमुख माध्यमको रूपमा विकास गरिनेछ।

(घ) हवाई कार्गोसँग सम्बन्धित कानुनी तथा संस्थागत व्यवस्था मिलाई कार्गो व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक भौतिक पूर्वाधारको समेत विकास गरिनेछ।

(ङ) नागरिक उड्डयन सम्बद्ध क्षेत्रगत नीतिहरू (यातायात, पर्यटन, उद्योग, वाणिज्य, वैदेशिक लगानी लगायत) बीच नीतिगत अन्तरआवद्धता र सामञ्जस्य कायम गरिनेछ।

(च) नेपाललाई दक्षिण एसियाको मर्मत सम्भार, अनुसन्धान र विकास, प्रशिक्षण संस्था लगायतको हबको रुपमा विकास गरिनेछ।

२.७.२ रणनीति २.६.२ सँग सम्बन्धित (नेपाली वायुसेवाहरूको विकास र विस्तार गरी दिगोपना कायम गर्ने।)

(क) नेपाली वायुसेवाहरूको वायुयान र वायुयानका पार्टपुर्जाहरू सहज आपूर्तिको व्यवस्था गरिनेछ।

(ख) संरचनागत, कानुनी तथा प्रक्रियागत सुधारमार्फत लगानीमैत्री वातावरण सृजना गरी स्वदेशी लगानीलाई प्रोत्साहन गर्दै वैदेशिक लगानी तथा नयाँ प्रविधि भित्र्याइनेछ।

(ग) रोजगारमुलक नागरिक उड्डयन क्षेत्रमा कार्यारम्भ गर्न दुई अर्ब रुपैयाँ वा सो भन्दा बढी लगानी गर्ने व्यक्ति वा संस्थालाई आयकरमा सहुलियत दिन सक्ने व्यवस्था मिलाइनेछ।

(घ) नागरिक उड्डयन सम्बद्ध मानव पुँजी निर्माण, निरन्तर क्षमता विकास, रोजगारीका अवसरको सृजना गर्दै मानव पुँजी पलायन निरूत्साहन गरिनेछ।

(ङ) Industry Academia Interface लाई प्रवर्द्धन गरी अनुसन्धान तथा प्रविधि हस्तान्तरण (Research and Technology Transfer) क्रियाकलापलाई प्रोत्साहन गरिनेछ।

(च) राष्ट्रिय ध्वजावाहकको क्षमता विस्तार, गुणस्तर सुधार र व्यवसायिकता विकास गरी सबल, प्रतिस्पर्धी एवं व्यवसायिक वायुसेवाका रूपमा सञ्चालन र व्यवस्थापन गरिनेछ। यसका लागि आवश्यक कानुनी व्यवस्था तथा संस्थागत पुनर्संरचना गरिनेछ।

(छ) वायुयान आयात (खरिद, लिज वा लिज खरिद) गरी संचालन गर्ने वा नेपालमा दर्ता भएको वायुयान बेचबिखन गर्ने वा लिजमा दिने प्रकृयालाई सरल र छरितो बनाइनेछ। वायुयान लिजिङ्ग कम्पनि स्थापना र संचालन गर्ने कानूनी प्रबन्ध मिलाइनेछ।

(ज) वायुयान वित्तसँग सम्बन्धित Convention on International Interests in Mobile Equipment (केपटाउन महासन्धी, २००१) र Protocol on Matters Specific to Aircraft Equipment (एयरक्राफ्ट प्रोटोकल, २००१) मा सम्मिलन भई राष्ट्रिय कानून तर्जुमा गरी वायुयान प्राप्तिलाई सरलिकृत र लगानिमैत्री बनाइनेछ।

(झ) नेपालमा दर्ता भई संचालनरत वायुसेवाहरूले Wet lease अर्थात ACMI (वायुयान, उडान कर्मचारी, मर्मत सम्भार र बीमा) का आधारमा वायुयान लिजमा ल्याई संचालन गर्न निश्चित मापदण्ड तोकिने छ। Dry Lease Basis (वायुयान मात्र) मा वायुयान ल्याई सेवा संचालन गर्न प्रोत्साहन गरिनेछ। यसरी वायुयान सञ्चालन गर्दा सञ्चालन नियन्त्रण (Operational control), उडान सम्बद्ध कर्मचारी, मर्मत सम्भार र बीमा स्वंम व्यहोर्ने गरी वायुयान भाडामा ल्याउनका लागि मापदण्ड तोकिनेछ।

(ञ) वायुसेवा संचालनका लागि वायुसेवा संचालन प्रमाणपत्र प्राप्त गरेपश्चात पाँच वर्षभित्र कम्तीमा पाँचवटा वायुयानबाट सेवा संचालन गर्ने गरी व्यवस्था गरिनेछ। आवश्यकतानुसार प्रोत्साहन सहित वायुसेवाहरूको मर्जर सम्बन्धी व्यवस्था मिलाइनेछ।

(ट) नागरिक उड्डयनसँग सम्बन्धित संस्थाहरूको वित्तीय क्षमता र उड्डयन सुरक्षाको अन्तरसम्बन्धलाई मध्यनजर गर्दै संस्थाहरूको स्थापना, संचालन तथा दिगोपनाको सुनिश्चितता हुने गरी न्युनतम पुँजी लगायतका पूर्व शर्तहरू निर्धारण गरिनेछ।

२.७.३ रणनीतिसँग २.६.३ सँग सम्बन्धित (अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा नागरिक उड्डयन कूटनीतिको उपयोग गर्ने।)

(क) खुला आकाश नीतिलाई क्रमशः आत्मसात गर्दै पारस्परिकताको आधारमा थप द्विपक्षीय र बहुपक्षीय हवाई सेवा सम्झौताहरू विस्तार गरिनेछ।

(ख) विद्यमान द्विपक्षीय र बहुपक्षीय हवाई सेवा सम्झौताहरू समीक्षा गरी समयानुकुल पुनरावलोकन गरिनेछ।

(ग) अन्तर्राष्ट्रिय उडान गर्ने नेपाली वायुसेवा कम्पनीहरूको क्षमता र सेवास्तरको आधारमा न्यायोचित रूपले हवाई सेवा सम्झौताबमोजिम पारदर्शी रूपमा उडान संख्या र रूट बाँडफाँड गरिनेछ।

(घ) विद्यमान द्विपक्षीय हवाई सेवा सम्झौतामा रहेका "Substantial Ownership and Effective Control" लाई क्रमशः पुनरावलोकन गरी "Principal Place of Business and Effective Regulatory Control" लाई अवलम्बन गरिनेछ। द्विपक्षीय हवाई सेवा सम्झौता गर्दा सोहि उदार नीति अपनाइनेछ ।

(ङ) विद्यमान द्विपक्षीय हवाई सेवा सम्झौतामा Third Party Code Share लगायतका Cooperative Marketing Arrangement लाई प्रोत्साहन गर्ने गरी पुनरावलोकन गरिनेछ। नयाँ द्विपक्षीय हवाई सेवा सम्झौता गर्दा समेत सोही नीति अवलम्बन गरिनेछ।

(च) गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरुपमा संचालन गर्न विशेष प्याकेजको व्यवस्था गरिनेछ। यी विमानस्थलहरुमा संचालन गर्ने अन्तर्राष्ट्रिय वायुसेवाहरूलाई पाँचौं ट्राफिक अधिकार (5th Freedom Traffic Rights) सहित सेवा संचालन अनुमति प्रदान गर्ने उदार नीति अवलम्बन गरिनेछ।

(छ) नागरिक उड्डयन क्षेत्रमा लगानी प्रवर्द्धन, वायुसेवाहरूको बजार विस्तार र नेपाली गन्तव्यहरूको प्रचार प्रसारका लागि कुटनीतिक नियोग, गैर आवासीय नेपाली र डायस्पोरालाई परिचालन गरिनेछ।

(ज) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा प्रतिपादित नागरिक उड्डयनसँग सम्बन्धित विभिन्न महासन्धी र अभिसन्धीहरूको क्रमशः अनुमोदन गरिनेछ।

२.७.४ रणनीतिसँग २.६.४ सँग सम्बन्धित (नागरिक उड्डयन नियमनलाई थप सुदृढ र सवल बनाउने" रणनीतिसँग सम्बन्धित।)

(क) नागरिक उड्डयन क्षेत्रको नियमन कार्यलाई विशिष्टीकृत संरचना मार्फत व्यवस्थित गरी उत्तरदायी बनाइनेछ।

(ख) २.७.४.२ नियामक निकायमा कार्यरत जनशक्तिलाई मानव पुँजीको रूपमा विकास गर्दै संस्थागत सबलीकरण गरिनेछ।

(ग) २.७.४.३ नियमन कार्यका लागि नवीनतम प्रविधि र स्रोत साधन सुनिश्चित गरिनेछ।

(घ) २.७.४.४ उड्डयन सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू पालना गर्दै नेपालको उड्डयन सुरक्षाको स्तरलाई निरन्तर विश्वको औसत स्तरभन्दा माथि रहने व्यवस्था मिलाइनेछ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा प्रतिपादित उड्डयन सुरक्षा र हवाई सुरक्षासँग सम्बन्धित नियमन कार्यलाई कानुनी र संगठनात्मक सुधार गर्दै थप सुदृढीकरण गरिनेछ।

(ङ) समग्र सुरक्षा संस्कृतिको निरन्तर विकास र प्रवर्द्धन गर्दै स्टेट सेस्टेट सेफ्टी प्रोग्राम (State Safety Program) लाई समयानुकुल परिमार्जन र कार्यान्वयन गर्गरिनेछ। वायुसेवा

(च) सेवा प्रदायक निकायहरूमा उडान सुरक्षा प्रबर्द्धनका लागि प्रभावकारी रूपमा सेफ्टी म्यानेजमेण्ट सिस्टम (Safety Management System) प्रभावकारी रुपमा लागु गरिनेछ।

(छ) नेपालले अनुमोदन/सम्मिलन गरेका हवाई सुरक्षा र उड्डयन सुरक्षासँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धी र ती महासन्धीले प्रतिपादन गरेका मापदण्डको प्रभावकारी कार्यान्वयन गरी उड्डयन सुरक्षाको सुनिश्चितता गरिनेछ।

(ञ) एयर नेभिगेसन सेवा, विमानस्थल संचालन, वायुयानको उडानयोग्यता, उडान संचालन, नागरिक उड्डयन सम्बद्ध प्राविधिक जनशक्तिको प्रशिक्षण, व्यक्तिगत इजाजत (पर्सनल लाइसेन्सिङ्ग र रेटिङ्ग) र सम्बन्धित सेवा प्रदायकहरूको नियमनलाई प्रभावकारी बनाइनेछ।

(ट) हवाई भाडा एवं सेवा प्रदायकहरुको शुल्क निर्धारण, नियमन र अनुगमन गर्ने एक संयन्त्रको स्थापना र संचालन गरिनेछ।

२.७.५ रणनीति २.६.५ सँग सम्बन्धित (सेवा प्रदायक संस्थाहरूको उड्डयन सुरक्षा क्षमता अभिवृद्धि गर्ने।)

(क) अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नेपालको एयर नेभिगेसन सेवालाई विकास गर्दै भू-उपग्रहमा आधारित अत्याधुनिक प्रविधि लगायतको प्रयोग गरी थप प्रभावकारी बनाइनेछ।

(ख) सुरक्षा मापदण्डको पालना गर्ने गरी विमानस्थल लगायतका पूर्वाधार निर्माण र स्तरोन्नति गरिनेछ।

(ग) प्रेसराइज्ड वायुयानको हकमा १५ (पन्ध्र) वर्ष भन्दा पुरानो वा इकोनोमिक डिजाइन लाइफ (Economic Design Life) को ५० (पचास) प्रतिशत पूरा गरेको वा ३५००० (पैंतीस हजार) प्रेसराइजेशन साइकल पूरा गरेको वायुयानहरू तथा नन् प्रेसराइज्ड वायुयानको हकमा २० (बीस) वर्षभन्दा पुराना वायुयान आयात अनुमति प्रदान गर्नुपरेमा वायुयान निर्माताबाट देहाय बमोजिमका व्यहोरा प्रमाणित भएका वायुयानहरु तोकिए बमोजिमका शर्तहरुको पालना गर्ने गरी नियामक निकायले अनुमति दिन सक्नेछ।

- वायुयानमा लागू हुने सबै Airworthiness Directives (ADs) पूर्ण रूपमा पालना गरिएको हुनपर्ने।
- सबै अनिवार्य संरचनात्मक परीक्षण, life-limited parts को प्रतिस्थापन तथा आवश्यक मर्मतसम्भार कार्यक्रमहरू सम्पन्न गरिएको हुनुपर्ने।
- वायुयान निर्माताद्वारा तोकिएको Design Service Goal (DSG) वा सेवा आयु सीमा भित्र रहेको हुनुपर्ने।

सञ्चालनका लागि आवश्यक पर्ने स्पेयर पार्ट्स, प्राविधिक सहयोग तथा निर्माता वा स्वीकृत आपूर्तिकर्ताबाट निरन्तर उपलब्ध हुने सुनिश्चितता हुनुपर्ने। तर वायुसेवा कम्पनीले Spare Parts उपयोग गर्ने प्रयोजनको लागि आयात गर्ने वायुयानको हकमा उल्लेखित प्रावधान लागू हुने छैन।

- नियामक निकायले तोकेका अन्य शर्तहरूको समेत पूर्ण पालना गर्नुपर्ने।

(घ) आधुनिक प्रविधिको संयोजनबाट हवाई मार्ग (En-Route), गन्तव्य (Destination) र वैकल्पिक गन्तव्य (Alternative Destination) को ताजा मौसमी जानकारी र मौसमी भविष्यवाणी (Weather Forecast) समयमै प्राप्त गर्न सक्ने गरी भरपर्दो संयन्त्रको व्यवस्था मिलाइनेछ।

(ङ) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको प्रावधान बमोजिम वायुयानको घटना तथा दुर्घटना जाँचलाई विश्वसनीय एवं प्रभावकारी बनाउन स्वतन्त्र, साधनस्रोत सम्पन्न, स्थायी दुर्घटना जाँच संयन्त्र स्थापना गरिनेछ।

(च) आन्तरिक वायुसेवा लगायतका सेवा प्रदायकहरूको दायित्व र बीमा सम्बन्धी कानुन समयानुकूल तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

(छ) नेपाल नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान (Civil Aviation Academy) लाई अन्तर्राष्ट्रियस्तरका तालिम प्रदान गर्ने Centre of Excellence का रुपमा विकास गरिनेछ। उक्त प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट संचालित Next Generation Aviation Professionals सँग तादाम्यता गरिनेछ।

(ज) हवाई यातायात प्रणालीलाई संचालन तथा व्यवस्थापन गर्न सक्षम र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्नका लागि इन्टर्नसशिप कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ।

(झ) दुर्गममा उडान गर्ने वायुयान आयात गर्ने संस्थालाई प्रत्येक वायुयान आयात गर्दा लाग्ने भन्सार महशुल तथा लिज करमा तथा आयकरमा सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

२.७.६ रणनीति २.६.६ सँग सम्बन्धित (अन्तर्राष्ट्रिय मापदण्डको पालना गरी हवाई सुरक्षालाई थप मजबुत गर्ने)

(क) हवाई सुरक्षा सम्बन्धी महासन्धिहरू तथा हवाई सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा स्थापित मापदण्डहरूको सम्बोधन हुने गरी सम्बन्धित निकायहरूसँग समन्वय गरी सुरक्षा सम्बन्धी कानुन समयानुकुल संशोधन गर्दै लगिनेछ।

(ख) हवाई सुरक्षासँग सम्बन्धित अपराधका परिवर्तित स्वरूप तथा सम्भावित जोखिम विश्लेषणको परिणाम (Risk Analysis Result) का आधारमा थप कानुनी तथा प्रक्रियागत सुधार गर्दै लगिनेछ। राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम (National Civil Aviation Security Program-NCASP) कार्यान्वयनलाई प्राथमिकता प्रदान गरिनेछ।

(ग) हवाई सुरक्षासँग सम्बन्धित अपराधहरूको रोकथाम एंव न्युनीकरणका लागि थप नवीनतम प्रविधिको प्रयोग गरिनेछ।हवाई सुरक्षाको समग्र सुदृढीकरणका लागि जनशक्ति विकास र क्षमता अभिवृद्धि कार्यक्रमलाई विशेष प्राथमिकताका साथ लागू गरिनेछ।

(घ) सूचना प्रविधिको दुरूपयोगबाट हवाई सुरक्षा विरुद्ध हुन सक्ने साइवर अपराध लगायत जोखिम नियन्त्रण गर्न प्रविधि तथा प्रणाली स्थापना र स्तरोन्नति गरिनेछ।

(ङ) समग्र हवाई सुरक्षाको भरपर्दो एवं त्रुटिरहित सुरक्षा व्यवस्थाका लागि मौजुदा व्यवस्थामा सुधार गरी सम्बन्धित मन्त्रालयहरूको समन्वयमा छुट्टै एकीकृत हवाई सुरक्षा इकाईको स्थापना गरिनेछ।

(च) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन र सदस्य राष्ट्रहरूसँग हवाई सुरक्षा सम्बन्धी सूचना, प्रविधि तथा कार्यक्रमको आदान-प्रदान गर्ने जस्ता विषयमा समन्वय र सहयोगलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

२.७.७ रणनीति २.६.७ सँग सम्बन्धित (हवाई यातायात सेवालाई लगानीमैत्री बनाई वैश्विक र क्षेत्रीय यातायात सञ्जालमा आबद्ध गर्ने।)

(क) नागरिक उड्डयनसँग सम्बन्धित संस्थामा विदेशी लगानी स्वीकृत गर्दा अन्तर्राष्ट्रिय वायुसेवा र फ्लाइङ्ग स्कूलको हकमा ९० प्रतिशतसम्म, आन्तरिक वायुसेवाको हकमा ४९ प्रतिशतसम्म, वायुयान मर्मत संभार

संस्था र वायुयान निर्माण वा डिजाइन गर्ने संस्थाको हकमा ९५ प्रतिशतसम्म र अन्य सेवा प्रदायक संस्थाको हकमा ८० प्रतिशतसम्म विदेशी लगानी गर्न सक्ने व्यवस्था मिलाइनेछ।

(ख) वायुयान र वायुयानसँग सम्बन्धित उपकरणहरूको मर्मत सम्भार गर्ने संस्था, हवाई उडान प्रशिक्षण संस्था, वायुयान निर्माण वा डिजाइन वा त्यस्तै प्रकारका आधुनिक प्रविधियुक्त क्षेत्रमा लगानी गर्ने व्यक्ति वा संस्थालाई त्यस्ता कार्य गर्न प्रचलित कानुन बमोजिम संचालनमा नआएका विमानस्थलहरूमा आवश्यक जमिन उपलब्ध गराइनेछ।

(ग) वायुयान र वायुयानसँग सम्बन्धित उपकरण, हवाई इन्धन जस्ता उडानसँग सम्बन्धित वस्तुहरूको भन्सार महशुलमा सहुलियत प्रदान गर्ने व्यवस्था गरी वायुसेवाले दिगो एवं प्रतिस्पर्धी सेवा संचालन गर्ने वातावरण सृजना गरिनेछ।

(घ) हवाई यातायात पूर्वाधारहरूको निर्माण, संचालन र व्यवस्थापनमा स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्दै सार्वजनिक निजी लगानीलाई प्रवर्द्धन गरिनेछ।

(ङ) हवाई उडान प्रशिक्षण संस्था (फ्लाइङ्ग स्कुल) संचालनका लागि निश्चित अवधिसम्म निःशुल्क विमानस्थल प्रयोग गर्न पाउने व्यवस्था मिलाइनेछ। यस्ता संस्थालाई संचालनमा आएको अवधिदेखि पहिलो निश्चित् वर्षसम्म करमा विशेष छुट दिनुका साथै सहुलियत उपलब्ध गराइनेछ।

(च) विदेशी तथा नेपाली वायुसेवाहरुको वायुयान तथा पार्टपुर्जा मर्मत सम्भार नेपालमा हुने व्यवस्था मिलाउन वायुयान तथा वायुयानका पार्टपुर्जा मर्मत संभार संस्था (Maintenance, Repair and Overhaul Organization) हरूको क्षमता अभिवृद्धि गर्दै सहुलियत प्रदान गर्ने नीति अवलम्बन गरिनेछ। यस्ता संस्था संचालनबाट विदेशी मुद्रा आर्जन र संचितिमा योगदान पुर्याउनका लागि क्षेत्रगत नीतिहरूबीच सामञ्जस्य कायम गरिनेछ।

(छ) विदेशी वायुसेवाले नेपालमा वायुयान मर्मत संभार तथा ओभरहल गरी फिर्ता लैजाने अवस्थामा विद्यमान कर सम्बन्धी व्यवस्थालाई पुनरावलोकन गरिनेछ।

(ज) भूमिस्थ प्रबन्ध सेवा (Ground handling Service) लाई समयानुकूल सुधार गर्दै गुणात्मक तथा प्रतिस्पर्धी बनाइनेछ।

(झ) वायुक्षेत्रको अधिकतम उपयोग गर्दै मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप संचालनका लागि छुट्टै वायुक्षेत्र निर्धारण गरी प्रादेशिक सन्तुलनसमेत सुनिश्चित गरी विकास र विस्तार गरिनेछ।

(ञ) मानवरहित उडान प्रणाली (Unmanned Aerial System (UAS)) को अधिकतम प्रयोग गर्न राष्ट्रिय सुरक्षा एवं संवेदनशीलता, नागरिकको जीउधन र सम्पत्तिको सुरक्षा र त्यस कार्यबाट नागरिक उड्डयन क्षेत्रमा पर्न सक्ने जोखिम समेतलाई दृष्टिगत गरी नियमन तथा प्रवर्द्धनका लागि एकीकृत प्रणालीको विकास गरिनेछ।

(ट) नियमित रूपमा सञ्चालनमा नआएका विमानस्थलहरूलाई मनोरञ्जनात्मक वा प्रशिक्षणात्मक नागरिक उड्डयन गतिविधि वा पर्यटन क्षेत्र सम्बद्ध क्रियाकलापमा उपयोग गर्नका लागि सार्वजनिक निजी लगानी प्रवर्द्धन गरिनेछ।

(ठ) अनुसन्धानात्मक तथा शैक्षिक प्रयोजनका लागि वायुयानको डिजाइन तथा निर्माणलाई प्रोत्साहन गरिनेछ।

२.७.८ रणनीति २.६.८ सँग सम्बन्धित (हवाई पूर्वाधारको आधुनिकीकरण र नवीनतम प्रविधिको उपयोग मार्फत हवाई यातायातको पहुँच विस्तार र यात्रु हक अधिकार सुनिश्चित गर्ने।)

(क) हवाई यातायात पूर्वाधार विकासमा जोड दिई सुरक्षित, लागत प्रभावी र सुविधासम्पन्न विमानस्थलहरूको विकास गरिनेछ।

(ख) संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा अन्तरप्रदेश सञ्जालीकृत उडानलाई प्रोत्साहन गर्न समयानुकुल सहुलियत

कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ। भौगोलिक विकटता रहेका क्षेत्रमा दिगो उडान संचालन गर्न वायुसेवाको उडान संख्याको आधारमा विशेष छुट, सहुलियत र अनुदान सम्बन्धी व्यवस्था गरिनेछ।

(ग) गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन, व्यवस्थापन र प्रवर्द्धनमा अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

(घ) संघ, प्रदेश र स्थानीय तह समेतको सहलगानीमा लाभ लागतको विस्तृत विश्लेषण गरी विमानस्थल सञ्चालनको सुनिश्चतता हुने अवस्थामा मात्र नयाँ विमानस्थलको निर्माण गरिनेछ।

(ङ) आन्तरिक वृत्तखण्ड तर्फ सेवा संचालन गर्न नयाँ वायुसेवा संचालन संस्थालाई इजाजत दिँदा काठमाण्डौ बाहिर आधार बनाई उडान गर्ने गरी इजाजत दिई निश्चित अवधिसम्म सहुलियत प्रदान गरिनेछ।

(च) अपाङ्गता भएका व्यक्तिहरूको सुविधासमेतलाई मध्येनजर गर्दै हवाई यात्रुको अधिकतम हित सुनिश्चित हुने गरी पूर्वाधारको व्यवस्था एंव नवीनतम प्रविधिको प्रयोग गरिनेछ।

(छ) आन्तरिक वायुसेवा लगायतका सेवा प्रदायक संस्थाहरूको दायित्व र बीमासम्बन्धी कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(ज) यात्रुहरूको हक अधिकारलाई सुनिश्चित गर्न यात्रु सुविधासम्बन्धी राष्ट्रिय कानुन निर्माण गरिनेछ।

२.७.९ "नागरिक उड्डयन क्षेत्रलाई पर्यावरणमैत्री, विपद्मैत्री र दिगो बनाउने" रणनीतिसँग सम्बन्धित

(क) वातावरणमा उड्डयन क्षेत्रले पार्ने प्रभाव न्यूनीकरण गर्न पूर्वाधार निर्माण तथा प्रविधिको प्रयोगमा पर्यावरणमैत्री र विपद्मैत्री अवधारणा अवलम्बन लगायतका वातावरण प्रभाव न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ।

(ख) वायुयान र सम्बद्ध उपकरणहरूबाट हुने उत्सर्जन र ध्वनी प्रदुषण कम गर्न उपयुक्त उपायको अवलम्बन गरिनेछ।

(ग) वायुयान संचालनमा Sustainable Aviation Fuel (SAF) जस्ता वैकल्पिक इन्धनका स्रोतहरू सम्बन्धी अध्ययन अनुसन्धान गर्न प्रोत्साहन गरिनेछ।

(घ) विमानस्थल र विमानस्थल वरिपरिको फोहोर व्यवस्थापनमा स्थानीय सरकारसँग समन्वय गरी विमानस्थल क्षेत्रलाई हवाई उडानका दृष्टिकोणले सुरक्षित, सफा र आकर्षित तवरले व्यवस्थित गरिनेछ।

(ङ) निजी प्रयोजनको लागि कुनै व्यक्ति वा संस्थालाई वायुयान संचालन गर्न अनुमति दिने व्यवस्था गरिनेछ। अनुमति दिँदा व्यापारिक उडान गर्न नपाउने गरी हवाई उडान सुरक्षा र हवाई सुरक्षाका अनिवार्य प्रावधानहरू सहितका आवश्यक शर्तहरु तोकिनेछ।

(च) हवाई यातायातलाई सडक यातायात लगायतका अन्य यातायातका माध्यमसँग अन्तर-आवद्ध गरी Inter-Modal Transport मार्फत नवीनतम पर्यटकीय गन्तव्यहरुमा यात्रुको छिटो, छरितो र रोमाञ्चक पहुँच स्थापित गर्ने।

## परिच्छेद ३: नीति कार्यान्वयन

### ३.१ संस्थागत व्यवस्था

#### ३.१.१ राष्ट्रिय नागरिक उड्डयन नीति समन्वय समिति

(क) यस नीतिको कार्यान्वयन, अनुगमन, सहजीकरण, समन्वय र नीतिगत पृष्ठपोषणका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको अध्यक्षतामा अनुसूची-१ बमोजिमको "राष्ट्रिय नागरिक उड्डयन नीति समन्वय समिति" रहनेछ। समितिको बैठक वर्षमा कम्तिमा दुई पटक बस्ने र समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ। समितिले बैठकमा आवश्यकतानुसार सरोकारवाला निकायलाई आमन्त्रण गर्न र खास उद्देश्यका लागि विषयगत उपसमिति गठन गर्न सक्नेछ।

(ख) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नागरिक उड्डयन क्षेत्रसँग सम्बन्धित नीतिको कार्यान्वयन गर्ने, गराउने साथै नीतिको समष्टिगत कार्यान्वयनको सम्पर्क र समन्वयकारी निकायको भूमिका निर्वाह गर्नेछ। मन्त्रालयको नागरिक उड्डयन महाशाखाले यो नीति कार्यान्वयनका लागि सम्पर्क सचिवालयको रूपमा कार्य गर्नेछ। नागरिक उड्डयन सम्बन्धी कार्यमा मन्त्रालय मातहत रहेका प्राधिकरण, निगम लगायतले आवश्यक सहयोग गर्नेछन्। यी निकायहरुबाट नागरिक उड्डयन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, सँमीक्षा तथा समन्वयलगायतका कार्यसम्पादन हुनेछन्। सम्बन्धित विषयगत मन्त्रालयहरूले यो नीतिका आ-आफ्नो विषयक्षेत्रसँग सम्बन्धित नीतिहरूको कार्यान्वयन गर्ने, गराउने छन्।

### ३.२ कानुनी व्यवस्था

(क) नागरिक उड्डयन क्षेत्रका नीतिगत र कानुनी व्यवस्थामा समयसापेक्ष सुधार गरिनेछ।

(ख) नागरिक उड्डयन क्षेत्रका नीति तथा कानुन र विषयक्षेत्रगत नीति तथा कानुनबीच सामन्जस्य कायम गरिनेछ।

(ग) यस नीति कार्यान्वयनका लागि आवश्यकतानुसार नागरिक उड्डयनसँग सम्बन्धित विषयगत कानुनहरूको समीक्षा गरी विद्यमान कानुनमा संशोधन, परिमार्जन तथा नयाँ कानुनको तर्जमा गरिनेछ।

३.३ वित्तीय व्यवस्था

यस नीतिको कार्यान्वयनका लागि नेपाल सरकारले आन्तरिक श्रोतका साथै आवश्यकतानुसार वैदेशिक श्रोत परिचालन गर्नेछ। हवाई पुर्वाधार निर्माण तथा सेवा विस्तार र वायुसेवा लगायत सेवाप्रदायक संस्थाहरुमा विदेशी लगानी आकर्षित गरिनेछ। सार्वजनिक निजी लगानी (PPP) लाई प्रोत्साहन गरिनेछ। प्राथमिकता र आवश्यकताको आधारमा प्रदेश सरकार र स्थानिय तहबाटसमेत लगानी परिचालन हुने व्यवस्था मिलाइनेछ।

३.४. नीति समन्वय र सामञ्जस्यता

नेपालको संविधानको नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिको बुँदा नं. १४ मा यातायात सुविधामा नागरिकहरुको सरल सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकुल प्रविधिलाई प्राथमिकता दिने नीति लिएको छ। संघको एकल अधिकार सूचीमा हवाई उड्डयन र अन्तर्राष्ट्रिय विमानस्थल सम्बन्धी व्यवस्था गरिएको छ।

गैर सैनिक हवाई उडान ऐन, २०१५ को कार्यान्वियनसँगै नेपालको नागरिक उड्डयन क्षेत्रले कानुनी आधार प्राप्त गर्‍यो। हाल नेपाल वायुसेवा निगम ऐन, २०१९, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ लगायतका ऐन तथा सम्बद्ध नियमावलीहरू निर्माण भई कार्यान्वयनमा रहेका छन्। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा प्रतिपादित नागरिक उड्डयनसँग सम्बन्धित विभिन्न महासन्धी र अभिसन्धीहरूको अनुमोदन गरिएका छन्। नागरिक उड्डयन क्षेत्रको विकास र विस्तारका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहत नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल वायुसेवा निगम क्रियाशील छन्। नागरिक उड्डयनसँग सम्बन्धित विभिन्न वायुसेवा, प्रशिक्षण संस्था, मर्मत सम्भार संस्था लगायतका विभिन्न किसिमका संस्थाहरूले सेवा प्रदान गर्दै आइरहेका छन्। सोह्रौं आवधिक योजनामा नागरिक उड्डयनका विषयहरू प्राथमिकताका साथ समेटिएका छन्।

अनुसूचि-१ बमोजिम गठित समितिले नीतिगत समन्वय र सामञ्जस्यता कायम गर्नेछ।

३.५ जोखिम पहिचान र व्यवस्थापन

३.५.१ सम्भावित जोखिम

नागरिक उड्डयन क्षेत्रको विकास र विस्तारका आवश्यक वित्तीय स्रोत तथा साधनको कमी हुन सक्ने देखिन्छ। नागरिक उड्डयन क्षेत्र उच्च प्रविधियुक्त र बाह्य क्षेत्रबाट प्रभावित हुन सक्ने कारणले अन्तर्राष्ट्रिय रूपमा उड्डयन क्षेत्रमा आएको परिवर्तनले नीति कार्यान्वयनमा प्रभाव पर्न सक्नेछ। निजी क्षेत्र र सरकारी लगानी अपेक्षित रूपमा नभएमा नीति कार्यान्वयनमा असर पर्ने देखिन्छ। यातायातका अन्य माध्यमको सर्वसुभलताका कारण हवाई यातायातको मागमा आउन सक्ने संकुचन जस्ता विषयसमेत सम्भावित जोखिमको रूपमा आँकलन गर्न सकिन्छ।

३.५.२ जोखिम व्यवस्थापन

नागरिक उड्डयन क्षेत्रको दिगो विकासका लागि सरकारी, निजी तथा विदेशी लगानी समेतमा अभिवृद्धि हुने गरी उपयुक्त वातावरण सृजना गरिनेछ। उड्डयन क्षेत्रमा हुँदै जाने समयानुकुल परिवर्तनहरूलाई आत्मसात गर्दै यस क्षेत्रलाई सबल र सुरक्षित बनाउन सरकार प्रतिबद्ध रहनेछ।

## ३.६. अनुगमन मुल्याङ्कन तथा नीति पुनरावलोकन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नीति कार्यान्वयनको सूचक तयार गरी अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० बमोजिम अनुगमन गर्नेछ। मन्त्रालयको नागरिक उड्डयन महाशाखाले नीति कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन तयार गरी वेबसाईटमार्फत् सार्वजनिक गर्नेछ। यो नीति प्रारम्भ भएको पाँच वर्षपछि मन्त्रालयले पुनरावलोकन गर्नेछ। मन्त्रालयले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानसँग समन्वय गरी आवधिक रूपमा परिमार्जन गर्न सक्नेछ।

## ३.७. नीति कार्यान्वयन कार्ययोजना

यस नीति कार्यान्वयन कार्ययोजना अनुसूची - २ मा समावेश गरिएको छ।

## ३.८. खारेजी र बचाउ

हवाई नीति, २०६३ खारेज गरिएको छ। हवाई नीति, २०६३ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै नीतिबमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१: राष्ट्रिय नागरिक उड्डयन नीति समन्वय समिति

(खण्ड ३.१.१ को (क) सँग सम्वन्धित)

१. मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - संयोजक

२. सदस्य (सम्बन्धित विषय हेर्ने), राष्ट्रिय योजना आयोग - सदस्य

३. सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

४. संयोजकबाट मनोनित एक महिलासहित दुई जना सम्बन्धित विषय विज्ञ -सदस्य

५. महानिर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण -सदस्य

६. कार्यकारी निर्देशक, नेपाल वायुसेवा निगम -सदस्य

७. निजी क्षेत्रका वायुसेवाका प्रतिनिध - सदस्य

८. नागरिक उड्डयन महाशाखा प्रमुख, संस्कृति,
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य-सचिव

## अनुसूची-२: नीति कार्यान्वयन कार्ययोजना
(खण्ड ३.७ सँग सम्बन्धित)

| क्र.सं. | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|
| १ | नागरिक उड्डयन सम्बद्ध निकायमा नीतिको सञ्चार गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | ३ महिना | सरोकारवालालाई नीतिको जानकारी भएको हुने। |
| २ | राष्ट्रिय नागरिक उड्डयन नीति समन्वय समितिको पहिलो बैठक वस्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | ३ महिना | पहिलो बैठक बसेको हुने। |
| ३ | नागरिक उड्डयन क्षेत्रलाई पर्यटन, वाणिज्य तथा अन्तर्राष्ट्रिय व्यापारसँग आवद्ध गर्न उद्योगको रूपमा विकास गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन बोर्ड | २ वर्ष | उड्डयन-पर्यटन-व्यापार अन्तरसम्बन्ध सुदृढ भई सेवा विस्तार हुने। |
| ४ | हवाई यातायातको विकास र विस्तार गरी नेपाललाई पहुँचयोग्य र सुरक्षित पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल वायुसेवा निगम, नेपाल नागरिक उड्डयन प्राधिकरण, भन्सार विभाग, निजी क्षेत्र | २ वर्ष | नेपाल पहुँचयोग्य र सुरक्षित पर्यटकीय गन्तव्यको रूपमा विकास भएको हुने। |
| ५ | हवाई यातायातलाई उच्च मुल्य न्युन आयतन (High Value Low Volume) भएका कार्गो व्यापारको प्रमुख माध्यमको रूपमा विकास गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल वायुसेवा निगम, नेपाल नागरिक उड्डयन प्राधिकरण, भन्सार विभाग, निजी क्षेत्र | ३ वर्ष | हवाई कार्गो ह्यान्डलिङ क्षमता वृद्धि भई निर्यात प्रबर्द्धन हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | हवाई कार्गोसँग सम्वन्धित कानुनी तथा संस्थागत व्यवस्था मिलाई कार्गो व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक भौतिक पूर्वाधारको समेत विकास गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल वायुसेवा निगम, नेपाल नागरिक उड्डयन प्राधिकरण, भन्सार विभाग, निजी क्षेत्र | २ वर्ष | कार्गो व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक भौतिक पूर्वाधारको विकास भएको हुने। |
| ७ | नागरिक उड्डयन सम्बद्ध क्षेत्रगत नीतिहरू (यातायात, पर्यटन, उद्योग, वाणिज्य, वैदेशिक लगानी लगायत) वीच नीतिगत अन्तरआवद्धता र सामञ्जस्य कायम गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पुर्वाधार विकाश मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३ वर्ष | क्षेत्रगत नीतिहरू (यातायात, पर्यटन, उद्योग, वाणिज्य, वैदेशिक लगानी लगायत) बीच नीतिगत अन्तरआवद्धता र सामञ्जस्य कायम भएको हुने। |
| ८ | नेपाललाई दक्षिण एसियाको मर्मत सम्भार, अनुसन्धान र विकास, प्रशिक्षण संस्था लगायतको हबको रुपमा विकास गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | मर्मत सम्भार, अनुसन्धान र विकास, प्रशिक्षण संस्था लगायतको हबको रुपमा विकास भएको हुने। |
| ९ | नेपाली वायुसेवाहरूको वायुयान र वायुयानका पार्टपुर्जाहरू सहज आपूर्तिको व्यवस्था गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | वायुयान र वायुयानका पार्टपुर्जाहरू सहज आपूर्तिको व्यवस्था भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | संरचनागत, कानुनी तथा प्रक्रियागत सुधारमार्फत लगानीमैत्री वातावरण सृजना गरी स्वदेशी लगानीलाई प्रोत्साहन गर्दै वैदेशिक लगानी तथा नयाँ प्रविधि भित्र्याइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, कानुन, न्याय तथा संशदीय मामिला मन्त्रालय,लगानी बोर्ड नेपाल | २ वर्ष | नागरिक उड्डयन क्षेत्रमा वैदेशिक लगानी वृद्धि भएको हुने। |
| ११ | रोजगारमुलक नागरिक उड्डयन क्षेत्रमा कार्यारम्भ गर्न दुई अर्ब रुपैयाँ वा सो भन्दा बढी लगानी गर्ने व्यक्ति वा संस्थालाई आयकरमा सहुलियत दिन सक्ने व्यवस्था मिलाइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ३ वर्ष | नागरिक उड्डयन क्षेत्रमा वैदेशिक लगानी वृद्धि भएको हुने। |
| १२ | नागरिक उड्डयन सम्बद्ध मानव पुँजी निर्माण, निरन्तर क्षमता विकास, रोजगारीका अवसरको सृजना गर्दै मानव पुँजी पलायन निरूत्साहन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण, निजी क्षेत्र | ३ वर्ष | रोजगारीका अवसरको सृजना भएको हुने। |
| १३ | Industry Academia Interface लाई प्रवर्द्धन गरी अनुसन्धान तथा प्रविधि हस्तान्तरण (Research and Technology Transfer) क्रियाकलापलाई प्रोत्साहन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | शिक्षा तथा खेलकुद मन्त्रालय, विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, निजी क्षेत्र | २ वर्ष | Industry Academia Interface प्रभावकारी भएको हुने। |
| १४ | राष्ट्रिय ध्वजावाहकको क्षमता विस्तार, गुणस्तर सुधार र व्यवसायिकता विकास गरी सबल, प्रतिस्पर्धी एवं व्यवसायिक वायुसेवाका रूपमा सञ्चालन र व्यवस्थापन गरिनेछ। यसका लागि आवश्यक कानुनी व्यवस्था तथा संस्थागत पुनर्संरचना गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल वायुसेवा निगम | २ वर्ष | नेपाल वायुसेवा निगम सबल, प्रतिस्पर्धी एवं व्यवसायिक वायुसेवाका रूपमा विकाश भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | वायुयान आयात (खरिद, लिज वा लिज खरिद) गरी संचालन गर्ने वा नेपालमा दर्ता भएको वायुयान वेचबिखन गर्ने वा लिजमा दिने प्रकृयालाई सरल र छरितो वनाइनेछ। वायुयान लिजिङ्ग कम्पनि स्थापना र संचालन गर्ने कानूनी प्रवन्ध मिलाइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, निजी क्षेत्र | २ वर्ष | नेपालमा दर्ता भएको वायुयान वेचबिखन गर्ने वा लिजमा दिने प्रकृया छिटो भएको हुने। |
| १६ | वायुयान वित्तसँग सम्वन्धित Convention on International Interests in Mobile Equipment (केपटाउन महासन्धी, २००१) र Protocol on Matters Specific to Aircraft Equipment (एयरक्राफ्ट प्रोटोकल, २००१) मा सम्मिलन भई राष्ट्रिय कानून तर्जुमा गरी वायुयान प्रासिलाई सरलिकृत र लगानिमैत्री बनाइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | वायुयान वित्तसँग सम्बन्धित Convention on International Interests in Mobile Equipment (केपटाउन महासन्धी, २००१) र Protocol on Matters Specific to Aircraft Equipment (एयरक्राफ्ट प्रोटोकल, २००१) मा नेपाल सम्मिलन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | नेपालमा दर्ता भई संचालनरत वायुसेवाहरूले Wet lease अर्थात ACMI (वायुयान, उडान कर्मचारी, मर्मत सम्भार र बीमा) का आधारमा वायुयान लिजमा ल्याई संचालन गर्न निश्चित मापदण्ड तोकिने छ। Dry Lease Basis (वायुयान मात्र) मा वायुयान ल्याई सेवा संचालन गर्न प्रोत्साहन गरिनेछ। यसरी वायुयान सञ्चालन गर्दा सञ्चालन नियन्त्रण (Operational control), उडान सम्बद्ध कर्मचारी, मर्मत सम्भार र बीमा स्वंम व्यहोर्ने गरी वायुयान भाडामा ल्याउनका लागि मापदण्ड तोकिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | वायुयान Wet lease मा ल्याई संचालन गर्न निश्चित मापदण्ड तोकिएको हुने। |
| १८ | वायुसेवा संचालनका लागि वायुसेवा संचालन प्रमाणपत्र प्राप्त गरेपश्चात पाँच वर्षभित्र कम्तीमा पाँचवटा वायुयानबाट सेवा संचालन गर्ने गरी व्यवस्था गरिनेछ। आवश्यकतानुसार प्रोत्साहन सहित वायुसेवाहरूको मर्जर सम्बन्धी व्यवस्था मिलाइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | वायुसेवाहरूलाई मर्जरका लागि प्रोत्साहन गर्ने सम्बन्धी व्यवस्था मिलाइएको हुने। |
| १९ | नागरिक उड्डयनसँग सम्बन्धित संस्थाहरूको वित्तीय क्षमता र उड्डयन सुरक्षाको अन्तरसम्बन्धलाई मध्यनजर गर्दै संस्थाहरूको स्थापना, संचालन तथा दिगोपनाको सुनिश्चितता हुने गरी न्युनतम पुँजी लगायतका पूर्व शर्तहरू निर्धारण गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | नागरिक उड्डयनसँग सम्बन्धित संस्थाहरूको न्युनतम पुँजी लगायतका पूर्व शर्तहरू समयसापेक्ष परिमार्जन सहित निर्धारण भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | खुला आकाश नीतिलाई क्रमशः आत्मसात गर्दै पारस्परिकताको आधारमा थप द्विपक्षीय र बहुपक्षीय हवाई सेवा सम्झौताहरू विस्तार गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | थप द्विपक्षीय हवाई सेवा सम्झौताहरूमा हस्ताक्षर भएको हुने। |
| २१ | विद्यमान द्विपक्षीय र बहुपक्षीय हवाई सेवा सम्झौताहरू समीक्षा गरी समयानुकुल पुनरावलोकन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | प्राथमिकताका आधारमा द्विपक्षीय र बहुपक्षीय हवाई सेवा सम्झौताहरूको पुनरावलोकन भएको हुने। |
| २२ | अन्तर्राष्ट्रिय उडान गर्ने नेपाली वायुसेवा कम्पनीहरूको क्षमता र सेवास्तरको आधारमा न्यायोचित रूपले हवाई सेवा सम्झौताबमोजिम पारदर्शी रूपमा उडान संख्या र रूट बाँडफाँड गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | छ महिना | पारदर्शी रूपमा उडान संख्या र रूट बाँडफाँड भएको हुने। |
| २३ | विद्यमान द्विपक्षीय हवाई सेवा सम्झौतामा रहेका "Substantial Ownership and Effective Control" लाई क्रमशः पुनरावलोकन गरी "Principal Place of Business and Effective Regulatory Control" लाई अवलम्बन गरिनेछ। द्विपक्षीय हवाई सेवा सम्झौता गर्दा सोहि उदार नीति अपनाइनेछ । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | प्राथमिकताका आधारमा द्विपक्षीय र बहुपक्षीय हवाई सेवा सम्झौताहरूको पुनरावलोकन तथा नयाँ सम्झौतामा व्यवस्था लागु भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | विद्यमान द्विपक्षीय हवाई सेवा सम्झौतामा Third Party Code Share लगायतका Cooperative Marketing Arrangement लाई प्रोत्साहन गर्ने गरी पुनरावलोकन गरिनेछ। नयाँ द्विपक्षीय हवाई सेवा सम्झौता गर्दा समेत सोही नीति अवलम्बन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | प्राथमिकताका आधारमा द्विपक्षीय र बहुपक्षीय हवाई सेवा सम्झौताहरूको पुनरावलोकन तथा नयाँ सम्झौतामा व्यवस्था लागु भएको हुने। |
| २५ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरुपमा संचालन गर्न विशेष प्यकेजको व्यवस्था गरिनेछ। यी विमानस्थलहरुमा संचालन गर्ने अन्तर्राष्ट्रिय वायुसेवाहरूलाई पाँचौं ट्राफिक अधिकार (5th Freedom Traffic Rights) सहित सेवा संचालन अनुमति प्रदान गर्ने उदार नीति अवलम्बन गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | छ महिना | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरुपमा संचालन गर्न विशेष प्यकेजको व्यवस्था भएको हुने। |
| २६ | नागरिक उड्डयन क्षेत्रमा लगानी प्रवर्द्धन, वायुसेवाहरूको बजार विस्तार र नेपाली गन्तव्यहरूको प्रचार प्रसारका लागि कुटनीतिक नियोग, गैर आवासीय नेपाली र डायस्पोरालाई परिचालन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | परराष्ट्र मन्त्रालय, नेपाल पर्यटन बोर्ड | छ महिना | नेपाली गन्तव्यहरूको प्रचार प्रसारका लागि कुटनीतिक नियोग, गैर आवासीय नेपाली र डायस्पोरासँग सहकार्य भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा प्रतिपादित नागरिक उड्डयनसँग सम्बन्धित विभिन्न महासन्धी र अभिसन्धीहरूको क्रमशः अनुमोदन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | परराष्ट्र मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | प्राथमिकताका आधारमा महासन्धी र अभिसन्धीहरूको क्रमशः अनुमोदन गर्ने मोदालिटि तय भएको हुने। |
| २८ | नागरिक उड्डयन क्षेत्रको नियमन कार्यलाई विशिष्टीकृत संरचना मार्फत व्यवस्थित गरी उत्तरदायी बनाइनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | नेपाल नागरिक उड्डयन प्राधिकरण | छ महिना | नागरिक उड्डयन क्षेत्रको नियमन कार्य व्यवस्थित भएको हुने। |
| २९ | नियामक निकायमा कार्यरत जनशक्तिलाई मानव पुँजीको रूपमा विकास गर्दै संस्थागत सबलीकरण गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | छ महिना | नियामक निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम लागु भएको हुने। |
| ३० | नियमन कार्यका लागि नवीनतम प्रविधि र स्रोत साधन सुनिश्चित गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | छ महिना | नियामक निकायमा आवश्यकतानुसारको नवीनतम प्रविधि र स्रोत साधन सुनिश्चितता भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | उड्डयन सुरक्षा सम्वन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू पालना गर्दै नेपालको उड्डयन सुरक्षाको स्तरलाई निरन्तर विश्वको औसत स्तरभन्दा माथि रहने व्यवस्था मिलाइनेछ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा प्रतिपादित उड्डयन सुरक्षा र हवाई सुरक्षासँग सम्वन्धित नियमन कार्यलाई कानुनी र संगठनात्मक सुधार गर्दै थप सुदृढीकरण गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | छ महिना | उड्डयन सुरक्षा र हवाई सुरक्षासँग सम्वन्धित नियमन कार्य थप सुदृढ भएको हुने। |
| ३२ | समग्र सुरक्षा संस्कृतिको निरन्तर विकास र प्रवर्दन गर्दै स्टेट सेफ्टी प्रोग्राम (State Safety Program) लाई समयानुकुल परिमार्जन र कार्यान्वयन गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १ वर्ष | स्टेट सेफ्टी प्रोग्राम (State Safety Program) मा समयानुकुल परिमार्जन भएको हुने। |
| ३३ | सेवा प्रदायक निकायहरूमा उडान सुरक्षा प्रवर्द्धनका लागि प्रभावकारी रूपमा सेफ्टी म्यानेजमेण्ट सिस्टम (Safety Management System) प्रभावकारी रुपमा लागु गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १ वर्ष | सेफ्टी म्यानेजमेण्ट सिस्टम (Safety Management System) प्रभावकारी रुपमा लागु भएको हुने। |
| ३४ | नेपालले अनुमोदन/सम्मिलन गरेका हवाई सुरक्षा र उड्डयन सुरक्षासँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धी र ती महासन्धीले प्रतिपादन गरेका मापदण्डको प्रभावकारी कार्यान्वयन गरी उड्डयन सुरक्षाको सुनिश्चितता गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | उड्डयन सुरक्षाको स्तर वृद्धि भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | एयर नेभिगेसन सेवा, विमानस्थल संचालन, वायुयानको उडानयोग्यता, उडान संचालन, नागरिक उड्डयन सम्बद्ध प्राविधिक जनशक्तिको प्रशिक्षण, व्यक्तिगत इजाजत (पर्सनल लाइसेन्सिङ्ग र रेटिङ्ग) र सम्बन्धित सेवा प्रदायकहरूको नियमनलाई प्रभावकारी बनाइनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | | तत्काल | नियमनकारी क्षमता अभिवृद्धि भएको हुने। |
| ३६ | हवाई भाडा एवं सेवा प्रदायकहरुको शुल्क निर्धारण, नियमन र अनुगमन गर्न एक संयन्त्रको स्थापना र संचालन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | हवाई भाडा एवं सेवा प्रदायकहरुको शुल्क निर्धारण, नियमन र अनुगमन गर्न एक संयन्त्रको स्थापना भएको हुने। |
| ३७ | अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नेपालको एयर नेभिगेसन सेवालाई विकास गर्दै भू-उपग्रहमा आधारित अत्याधुनिक प्रविधि लगायतको प्रयोग गरी थप प्रभावकारी बनाइनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १ वर्ष | नेपालको एयर नेभिगेसन सेवालाई विकास गर्दै भू-उपग्रहमा आधारित अत्याधुनिक प्रविधि लगायतको प्रयोग भएको हुने। |
| ३८ | सुरक्षा मापदण्डको पालना गर्ने गरी विमानस्थल लगायतका पूर्वाधार निर्माण र स्तरोन्नति गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २ वर्ष | विमानस्थल लगायतका पूर्वाधार निर्माण र स्तरोन्नतिमा लागु हुने सुरक्षा मापदण्ड तय भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | प्रेसराइज्ड वायुयानको हकमा १५ (पन्ध्र) वर्ष भन्दा पुरानो वा इकोनोमिक डिजाइन लाइफ (Economic Design Life) को ५० (पचास) प्रतिशत पूरा गरेको वा ३५००० (पैतीस हजार) प्रेसराइजेशन साइकल पूरा गरेको वायुयानहरू तथा नन् प्रेसराइज्ड वायुयानको हकमा २० (बीस) वर्षभन्दा पुराना वायुयान आयात अनुमति प्रदान गर्नुपरेमा वायुयान निर्माताबाट देहाय बमोजिमका व्यहोरा प्रमाणित भएका वायुयानहरु तोकिए बमोजिमका शर्तहरुको पालना गर्ने गरी नियामक निकायले अनुमति दिन सक्नेछ।<br>• वायुयानमा लागू हुने सबै Airworthiness Directives (ADs) पूर्ण रूपमा पालना गरिएको हुनपर्ने।<br>• सबै अनिवार्य संरचनात्मक परीक्षण, life-limited parts को प्रतिस्थापन तथा आवश्यक मर्मतसम्भार कार्यक्रमहरू सम्पन्न गरिएको हुनुपर्ने।<br>• वायुयान निर्माताद्वारा तोकिएको Design Service Goal (DSG) वा सेवा आयु सीमा भित्र रहेको हुनुपर्ने। सञ्चालनका लागि आवश्यक पर्ने स्पेयर पाट्र्स, प्राविधिक सहयोग तथा निर्माता वा स्वीकृत आपूर्तिकर्ताबाट निरन्तर उपलब्ध हुने सुनिश्चितता हुनुपर्ने। तर वायुसेवा कम्पनीले Spare Parts उपयोग गर्ने प्रयोजनको लागि आयात गर्ने वायुयानको हकमा उल्लेखित प्रावधान लागू हुने छैन। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १ वर्ष | वायुयानहरुको आयात सहज भई संख्या वृद्धि भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | • नियामक निकायले तोकेका अन्य शर्तहरूको समेत पूर्ण पालना गर्नुपर्ने। | | | | |
| ४० | आधुनिक प्रविधिको संयोजनबाट हवाई मार्ग (En-Route), गन्तव्य (Destination) र वैकल्पिक गन्तव्य (Alternative Destination) को ताजा मौसमी जानकारी र मौसमी भविष्यवाणी (Weather Forecast) समयमै प्राप्त गर्न सक्ने गरी भरपर्दो संयन्त्रको व्यवस्था मिलाइनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग | १ वर्ष | (En-Route), गन्तव्य (Destination) र वैकल्पिक गन्तव्य (Alternative Destination) को ताजा मौसमी जानकारी र मौसमी भविष्यवाणी (Weather Forecast) समयमै प्राप्त गर्न सक्ने गरी भरपर्दो संयन्त्रको व्यवस्था भएको हुने। |
| ४१ | अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको प्रावधान बमोजिम वायुयानको घटना तथा दुर्घटना जाँचलाई विश्वसनीय एवं प्रभावकारी बनाउन स्वतन्त्र, साधनस्रोत सम्पन्न, स्थायी दुर्घटना जाँच संयन्त्र स्थापना गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | स्वतन्त्र, साधनस्रोत सम्पन्न, स्थायी दुर्घटना जाँच संयन्त्रको स्थापना भएको हुने। |
| ४२ | आन्तरिक वायुसेवा लगायतका सेवा प्रदायकहरूको दायित्व र बीमा सम्बन्धी कानुन समयानुकुल तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | आन्तरिक वायुसेवाहरूको दायित्व र बीमा सम्बन्धी कानुन तर्जुमा भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | नेपाल नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान (Civil Aviation Academy) लाई अन्तर्राष्ट्रियस्तरका तालिम प्रदान गर्ने Centre of Excellence का रुपमा विकास गरिनेछ। उक्त प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट संचालित Next Generation Aviation Professionals सँग तादाम्यता गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १ वर्ष | नेपाल नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान अन्तर्राष्ट्रियस्तरका तालिम प्रदान गर्ने Centre of Excellence का रुपमा विकास भएको हुने। |
| ४४ | हवाई यातायात प्रणालीलाई संचालन तथा व्यवस्थापन गर्न सक्षम र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्नका लागि इन्टर्नसशिप कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण, शैक्षिक संस्था | १ वर्ष | हवाई यातायात प्रणालीलाई संचालन तथा व्यवस्थापन गर्न सक्षम र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्नका लागि इन्टर्नसशिप कार्यक्रम लागु भएको हुने। |
| ४५ | दुर्गममा उडान गर्ने वायुयान आयात गर्ने संस्थालाई प्रत्येक वायुयान आयात गर्दा लाग्ने भन्सार महशुल तथा लिज करमा तथा आयकरमा सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | STOL वायुयान आयात गर्दा लाग्ने भन्सार महशुल तथा लिज करमा तथा आयकरमा सहुलियत प्रदान गर्ने व्यवस्था भएको हुने। |
| ४६ | हवाई सुरक्षा सम्बन्धी महासन्धिहरू तथा हवाई सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा स्थापित मापदण्डहरूको सम्बोधन हुने गरी सम्बन्धित निकायहरूसँग समन्वय गरी सुरक्षा सम्बन्धी कानुन समयानुकुल संशोधन गर्दै लगिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | हवाई सुरक्षा सम्बन्धी कानुन समयानुकुल संशोधन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | हवाई सुरक्षासँग सम्बन्धित अपराधका परिवर्तित स्वरूप तथा सम्भावित जोखिम विश्लेषणको परिणाम (Risk Analysis Result) का आधारमा थप कानुनी तथा प्रक्रियागत सुधार गर्दै लगिनेछ। राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम (National Civil Aviation Security Program-NCASP) कार्यान्वयनलाई प्राथमिकता प्रदान गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,रक्षा मन्त्रालय, गृह मन्त्रालय | १ वर्ष | राष्ट्रिय नागरिक उड्डयन सुरक्षा कार्यक्रम (National Civil Aviation Security Program-NCASP) कार्यान्वयन भएको हुने। |
| ४८ | हवाई सुरक्षासँग सम्बन्धित अपराधहरूको रोकथाम एंव न्युनीकरणका लागि थप नवीनतम प्रविधिको प्रयोग गरिनेछ। हवाई सुरक्षाको समग्र सुदृढीकरणका लागि जनशक्ति विकास र क्षमता अभिवृद्धि कार्यक्रमलाई विशेष प्राथमिकताका साथ लागू गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,रक्षा मन्त्रालय, गृह मन्त्रालय | १ वर्ष | हवाई सुरक्षाको समग्र सुदृढीकरणका लागि जनशक्ति विकास र क्षमता अभिवृद्धि कार्यक्रम लागु भएको हुने। |
| ४९ | सूचना प्रविधिको दुरूपयोगबाट हवाई सुरक्षा विरुद्ध हुन सक्ने साइबर अपराध लगायत जोखिम नियन्त्रण गर्न प्रविधि तथा प्रणाली स्थापना र स्तरोन्नति गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, गृह मन्त्रालय | २ वर्ष | सूचना प्रविधिको दुरूपयोगबाट हवाई सुरक्षा विरुद्ध हुन सक्ने साइबर अपराध लगायत जोखिम नियन्त्रण गर्न प्रविधि तथा प्रणाली स्थापना र स्तरोन्नति भएको हुने। |
| ५० | समग्र हवाई सुरक्षाको भरपर्दो एवं त्रुटिरहित सुरक्षा व्यवस्थाका लागि मौजुदा व्यवस्थामा सुधार गरी सम्बन्धित मन्त्रालयहरूको समन्वयमा छुट्टै एकीकृत हवाई सुरक्षा इकाईको स्थापना गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | रक्षा मन्त्रालय, गृह मन्त्रालय नेपाल नागरिक उड्डयन प्राधिकरण | ३ वर्ष | एकीकृत हवाई सुरक्षा इकाईको स्थापना भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन र सदस्य राष्ट्रहरूसँग हवाई सुरक्षा सम्बन्धी सूचना, प्रविधि तथा कार्यक्रमको आदान-प्रदान गर्ने जस्ता विषयमा समन्वय र सहयोगलाई थप प्रभावकारी बनाउँदै लगिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | | १ वर्ष | अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन र सदस्य राष्ट्रहरूसँगहवाई सुरक्षा सम्बन्धी सूचना, प्रविधि तथा कार्यक्रमको आदान-प्रदान गर्ने संयन्त्र प्रभावकारी भएको हुने। |
| ५२ | नागरिक उड्डयनसँग सम्बन्धित संस्थामा विदेशी लगानी स्वीकृत गर्दा अन्तर्राष्ट्रिय वायुसेवा र फ्लाइङ्ग स्कूलको हकमा ९० प्रतिशतसम्म, आन्तरिक वायुसेवाको हकमा ४९ प्रतिशतसम्म, वायुयान मर्मत संभार संस्था र वायुयान निर्माण वा डिजाइन गर्ने संस्थाको हकमा ९५ प्रतिशतसम्म र अन्य सेवा प्रदायक संस्थाको हकमा ८० प्रतिशतसम्म विदेशी लगानी गर्न सक्ने व्यवस्था मिलाइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | नागरिक उड्डयनसँग सम्बन्धित संस्थामा विदेशी लगानीका लागि अधिकतम लचकता अपनाइएको हुने। |
| ५३ | वायुयान र वायुयानसँग सम्बन्धित उपकरणहरूको मर्मत सम्भार गर्ने संस्था, हवाई उडान प्रशिक्षण संस्था, वायुयान निर्माण वा डिजाइन वा त्यस्तै प्रकारका आधुनिक प्रविधियुक्त क्षेत्रमा लगानी गर्ने व्यक्ति वा संस्थालाई त्यस्ता कार्य गर्न प्रचलित कानुन बमोजिम संचालनमा नआएका विमानस्थलहरूमा आवश्यक जमिन उपलब्ध गराइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | ६ महिना | नागरिक उड्डयनसँग सम्बन्धित आधुनिक प्रविधियुक्त क्षेत्रमा लगानी गर्ने व्यक्ति वा संस्थालाई संचालनमा नआएका विमानस्थलहरूमा आवश्यक जमिन उपलब्ध गराउने सम्बन्धि कार्यविधि स्वीकृत भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | वायुयान र वायुयानसँग सम्बन्धित उपकरण, हवाई इन्धन जस्ता उडानसँग सम्बन्धित वस्तुहरूको भन्सार महशुलमा सहुलियत प्रदान गर्ने व्यवस्था गरी वायुसेवाले दिगो एवं प्रतिस्पर्धी सेवा संचालन गर्ने वातावरण सृजना गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | वायुसेवाले दिगो एवं प्रतिस्पर्धी सेवा संचालन गर्ने वातावरण सृजना गर्न सहुलियतको व्यवस्था भएको हुने। |
| ५५ | हवाई उडान प्रशिक्षण संस्था (फ्लाइङ्ग स्कुल) संचालनका लागि निश्चित अवधिसम्म निःशुल्क विमानस्थल प्रयोग गर्न पाउने व्यवस्था मिलाइनेछ। यस्ता संस्थालाई संचालनमा आएको अवधिदेखि पहिलो निश्चित् वर्षसम्म करमा विशेष छुट दिनुका साथै सहुलियत उपलब्ध गराइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | हवाई उडान प्रशिक्षण संस्था (फ्लाइङ्ग स्कुल) संचालनका लागि उपयुक्त वातावरण तयार भएको हुने। |
| ५६ | विदेशी तथा नेपाली वायुसेवाहरुको वायुयान तथा पार्टपुर्जा मर्मत सम्भार नेपालमा हुने व्यवस्था मिलाउन वायुयान तथा वायुयानका पार्टपुर्जा मर्मत संभार संस्था (Maintenance, Repair and Overhaul Organization) हरूको क्षमता अभिवृद्धि गर्दै सहुलियत प्रदान गर्ने नीति अवलम्बन गरिनेछ। यस्ता संस्था संचालनबाट विदेशी मुद्रा आर्जन र संचितिमा योगदान पुर्याउनका लागि क्षेत्रगत नीतिहरूबीच सामञ्जस्य कायम गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | (Maintenance, Repair and Overhaul Organization) हरूको क्षमता अभिबृद्धि भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५७ | विदेशी वायुसेवाले नेपालमा वायुयान मर्मत संभार तथा ओभरहल गरी फिर्ता लैजाने अवस्थामा विद्यमान कर सम्बन्धी व्यवस्थालाई पुनरावलोकन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | नेपाल (Maintenance, Repair and Overhaul Organization)मा वायुयान मर्मत संभार तथा ओभरहल गरी फिर्ता लैजाने अवस्थामा विदेशी वायुसेवाका लागि विद्यमान कर सम्बन्धी व्यवस्था पुनरावलोकन भएको हुने। |
| ५८ | भूमिस्थ प्रवन्ध सेवा (Ground handling Service) लाई समयानुकुल सुधार गर्दै गुणात्मक तथा प्रतिस्पर्धी वनाइनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल वायुसेवा निगम, निजी क्षेत्र | १ वर्ष | भूमिस्थ प्रबन्ध सेवा (Ground handling Service) गुणात्मक तथा प्रतिस्पर्धी भएको हुने। |
| ५९ | वायुक्षेत्रको अधिकत्तम उपयोग गर्दै मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप संचालनका लागि छुट्टै वायुक्षेत्र निर्धारण गरी प्रादेशिक सन्तुलनसमेत सुनिश्चित गरी विकास र विस्तार गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप संचालनका लागि छुट्टै वायुक्षेत्र निर्धारण भएको हुने। |
| ६० | मानवरहित उडान प्रणाली (Unmanned Aerial System (UAS)) को अधिकतम प्रयोग गर्न राष्ट्रिय सुरक्षा एवं संवेदनशीलता, नागरिकको जीउधन र सम्पत्तिको सुरक्षा र त्यस कार्यबाट नागरिक उड्डयन क्षेत्रमा पर्न सक्ने जोखिम समेतलाई दृष्टिगत गरी नियमन तथा प्रवर्द्धनका लागि एकीकृत प्रणालीको विकास गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | ३ वर्ष | मानवरहित उडान प्रणाली (Unmanned Aerial System (UAS)) कोनियमन तथा प्रवर्द्धनका लागि कानुनी व्यवस्था तथा एकीकृत प्रणालीको विकास भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | नियमित रूपमा सञ्चालनमा नआएका विमानस्थलहरूलाई मनोरञ्जनात्मक वा प्रशिक्षणात्मक नागरिक उड्डयन गतिविधि वा पर्यटन क्षेत्र सम्बद्ध क्रियाकलापमा उपयोग गर्नका लागि सार्वजनिक निजी लगानी प्रवर्द्धन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | लगानी बोर्ड नेपाल, नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | नियमित रूपमा सञ्चालनमा नआएका विमानस्थलहरूको बैकल्पिक उपयोगको मार्गचित्र तयार भएको हुने। |
| ६२ | अनुसन्धानात्मक तथा शैक्षिक प्रयोजनका लागि वायुयानको डिजाइन तथा निर्माणलाई प्रोत्साहन गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, निजी क्षेत्र, शैक्षिक संस्था | १ वर्ष | वायुयानको डिजाइन तथा निर्माण सम्बन्धी अनुसन्धानका लागि श्रोतका लागि व्यवस्था भएको हुने। |
| ६३ | हवाई यातायात पूर्वाधार विकासमा जोड दिई सुरक्षित, लागत प्रभावी र सुविधासम्पन्न विमानस्थलहरूको विकास गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १ वर्ष | नयाँ विमानस्थलको निर्माण मापदण्ड परिमार्जन भइ लागु भएको हुने। |
| ६४ | संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा अन्तरप्रदेश सञ्जालीकृत उडानलाई प्रोत्साहन गर्न समयानुकुल सहुलियत कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ। भौगोलिक विकटता रहेका क्षेत्रमा दिगो उडान संचालन गर्न वायुसेवाको उडान संख्याको आधारमा विशेष छुट, सहुलियत र अनुदान सम्बन्धी व्यवस्था गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | उडान सञ्जाल विस्तारका लागि वायुसेवाको उडान संख्याको आधारमा विशेष छुट, सहुलियत र अनुदान सम्बन्धी व्यवस्था भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६५ | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन, व्यवस्थापन र प्रवर्द्धनमा अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | ३ महिना | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन, व्यवस्थापन र प्रवर्द्धनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य भएको हुने। |
| ६६ | संघ, प्रदेश र स्थानीय तह समेतको सहलगानीमा लाभ लागतको विस्तृत विश्लेषण गरी विमानस्थल सञ्चालनको सुनिश्ततता हुने अवस्थामा मात्र नयाँ विमानस्थलको निर्माण गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | | १ वर्ष | नयाँ विमानस्थलको निर्माण मापदण्ड परिमार्जन भइ लागु भएको हुने। |
| ६७ | आन्तरिक वृत्तखण्ड तर्फ सेवा संचालन गर्न नयाँ वायुसेवा संचालन संस्थालाई इजाजत दिँदा काठमाण्डौ बाहिर आधार बनाई उडान गर्ने गरी इजाजत दिई निश्चित अवधिसम्म सहुलियत प्रदान गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | १ वर्ष | आन्तरिक वायुसेवा संचालन आधार अनुसार सहुलियत प्रदान गरिने कार्यविधि लागु गरिनेछ। |
| ६८ | अपाङ्गता भएका व्यक्तिहरूको सुविधासमेतलाई मध्येनजर गर्दै हवाई यात्रुको अधिकतम हित सुनिश्चित हुने गरी पूर्वाधारको व्यवस्था एंव नवीनतम प्रविधिको प्रयोग गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | | ६ महिना | अपाङ्गता भएका हवाई यात्रुको अधिकतम हित सुनिश्चित हुने गरी पूर्वाधारको व्यवस्था एंव नवीनतम प्रविधिको प्रयोग भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६९ | यात्रुहरूको हक अधिकारलाई सुनिश्चित गर्न यात्रु सुविधासम्बन्धी राष्ट्रिय कानुन निर्माण गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | यात्रुहरूको हक अधिकारलाई सुनिश्चित गर्न यात्रु सुविधासम्बन्धी राष्ट्रिय कानुन तर्जुमा भएको हुने। |
| ७० | वातावरणमा उड्डयन क्षेत्रले पार्ने प्रभाव न्यूनीकरण गर्न पूर्वाधार निर्माण तथा प्रविधिको प्रयोगमा पर्यावरणमैत्री र विपद्मैत्री अवधारणा अवलम्बन लगायतका वातावरण प्रभाव न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | २ वर्ष | उड्डयन क्षेत्रबाट हुने वातावरण प्रभाव न्यूनीकरणका लागि कार्यक्रम संचालन भएको हुने। |
| ७१ | वायुयान र सम्बद्ध उपकरणहरूबाट हुने उत्सर्जन र ध्वनी प्रदुषण कम गर्न उपयुक्त उपायको अवलम्बन गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय | २ वर्ष | वायुयान र सम्बद्ध उपकरणहरूबाट हुने उत्सर्जन र ध्वनी प्रदुषण कम गर्ने कार्ययोजना तयार भएको हुने। |
| ७२ | वायुयान संचालनमा Sustainable Aviation Fuel (SAF) जस्ता वैकल्पिक इन्धनका स्रोतहरू सम्बन्धी अध्ययन अनुसन्धान गर्न प्रोत्साहन गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय | २ वर्ष | वैकल्पिक इन्धनका स्रोतहरू सम्बन्धी अध्ययन अनुसन्धान सुरु भएको हुने। |
| ७३ | विमानस्थल र विमानस्थल वरिपरिको फोहोर व्यवस्थापनमा स्थानीय सरकारसँग समन्वय गरी विमानस्थल क्षेत्रलाई हवाई उडानका दृष्टिकोणले सुरक्षित, सफा र आकर्षित तवरले व्यवस्थित गरिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय | १ वर्ष | विमानस्थल र विमानस्थल वरिपरिको फोहोर व्यवस्थापन चुस्त रुपमा भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ७४ | निजी प्रयोजनको लागि कुनै व्यक्ति वा संस्थालाई वायुयान संचालन गर्न अनुमति दिने व्यवस्था गरिनेछ। अनुमति दिँदा व्यापारिक उडान गर्न नपाउने गरी हवाई उडान सुरक्षा र हवाई सुरक्षाका अनिवार्य प्रावधानहरू सहितका आवश्यक शर्तहरु तोकिनेछ। | नेपाल नागरिक उड्डयन प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २ वर्ष | निजी प्रयोजनको लागि वायुयान संचालन गर्न पाउने प्रणालि लागु भएको हुने। |
| ७५ | हवाई यातायातलाई सडक यातायात लगायतका अन्य यातायातका माध्यमसँग अन्तर-आवद्ध गरी Inter-Modal Transport मार्फत नवीनतम पर्यटकीय गन्तव्यहरुमा यात्रुको छिटो, छरितो र रोमाञ्चक पहुँच स्थापित गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पुर्वाधार विकाश मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | २ वर्ष | एकिकृत यातायात प्रणालिको लागी Inter-Modal Transport फ्रेमवर्क तयार भएको हुने। |